# सम्पादकीय

नेपालमा *'वन विनाश र वन क्षयी न्यूनिकरणका माध्यमबाट उत्सर्जन कटौति'* (छोटकरीमा रेड वा रेडप्लस) वारे राष्ट्रिय एवं स्थानीय स्तरमा पहलहरु भैरहेका छन् । यद्यपि, यस्ता पहलहरुको बारेमा आम वन उपभोक्ताको रुपमा रहेका आदिवासी एवं स्थानीय समुदायबीच पर्याप्त जानकारी प्रवाह, संवाद एवं छलफल हुन सकिरहेको छैन । त्यसैले रेडप्लसका सन्दर्भमा नेपालमा भइरहेका पहलहरुको बारेमा सरोकारवाला र सर्वसाधारण सबैलाई उपयोगी हुने गरी सरल नेपाली भाषामा जानकारी गराउने उद्देश्यले यो सामग्री प्रकाशन गरिएको हो ।

'हाम्रो वन सम्पदा'को यो विशेष अंकमा नेपालमा रेडप्लसका सन्दर्भमा भइरहेका पहल र संभावनाबारे समीक्षा गरिएको छ ।

रेडप्लसलाई हरितगृह ग्याँस (खासगरी कार्वन) उत्सर्जन कटौति गर्ने माध्यमका रुपमा मात्र नलिई रेडप्लसले वनमाथिको आदिवासी एवं स्थानीय समुदायको अधिकारको सुनिश्चितता, आदिवासी, दलित, महिला लगायत सबै अधिकारवाला र सरोकारवालाहरुको पूर्ण र प्रभावकारी सहभागिताको निश्चितता, नागरिक समाजको भूमिकामा स्पष्टता, वन क्षेत्रमा स्थापित हुनुपर्ने पारदर्शिता सहितको सुशासन, रेडप्लसबाट प्राप्त लाभको न्यायोचित बाँडफाँड जस्ता कुराहरुको स्पष्ट खाकाले मात्र नेपालमा रेडप्लसको सफलता निर्भर गर्ने कुरालाई लेखहरुले स्पष्ट रुपमा उजागर गरेका छन् । त्यसैले यी आधारभूत विषयहरुवारे राष्ट्रिय रेड रणनीतिले स्पष्टता प्रदान गर्नुपर्ने हुन्छ ।

रेडप्लसलाई कार्वन व्यापारमा मात्र सिमित नगरी समग्र रुपमा जैविक विविधता संरक्षण र वातावरणीय सेवासँग अन्तरसम्बन्धित गर्नुपर्छ । यसलाई विभिन्न पक्षहरुले विशेष महत्वका साथ उठाउँदै आएका पनि छन् । नेपालको सन्दर्भमा पनि कार्वन व्यापारबाट पर्याप्त फाइदा हुन सक्ने सम्भावना कम रहेकोले निश्चित रुपमा रेडप्लसलाई वृहत् वातावरणीय सेवासँग जोडन सकिएमा मात्र फाइदा लिन सकिने कुरालाई प्रस्तुत लेखहरुले स्पष्ट पारेका छन् ।

रेडप्लसमा कार्वनको मापन, प्रतिवेदन प्रणाली र प्रमाणिकरण पद्धत्ति उत्तिकै महत्वपूर्ण र चुनौतिपूर्ण विषय हो । यस सन्दर्भमा एकातर्फ हालसम्म स्पष्ट विधिहरुको विकास हुन सकेको छैन भने अर्कोतर्फ विकास गरिएका विधिहरुको समीक्षा गर्दा यो विषय अतिकम विकशित मुलुक र यहाँका समुदायहरुको लागि अत्यन्त खर्चिलो र बोझिलो हुने अवस्था देखिदै आएको छ । त्यसैले रेडप्लस हाम्रा लागि कति फाइदाजनक हुन्छ ? यसको मापन, अनुगमन, प्रतिवेदन प्रणाली र प्रमाणिकरण पद्धतिमा पनि निर्भर गर्दछ ।

यस प्रकाशनमा समेटिएका केही लेखहरुले रेडप्लसका सन्दर्भमा वन क्षेत्रका नागरिक समाजहरुको भूमिकाको बारेमा समालोचनात्मक समीक्षा गरेका छन् । रेडप्लसलाई कसरी स्थानीय र राष्ट्रिय हितका लागि सदुपयोग गर्ने ? नागरिक समाजले निगरानीकर्ताको भूमिका निर्वाह गर्न सकेन भने आफ्नो भूमिका पूरा गर्न नसकेको मानिन्छ । त्यसैले रेडप्लसलाई न्यायमुखी बनाउनको लागि नागरिक समाजको निगरानी निकै महत्वपूर्ण हुन सक्छ ।

फरेष्टएक्शनले विगतका दिनहरुमा वन क्षेत्रका विविध आयामहरुलाई उजागर गर्ने जमर्को स्वरुप प्रकाशित अङ्कहरुले खासगरी सरकारी निकाय र नीति निर्माताका लागि सचेत हुन, स्थानीय समुदायलाई आफ्ना सवालमा सबल बन्न र सरोकारवालाहरुलाई संवाद गर्नका लागि मद्दत मिल्दै आएको हामीले महसुस गरेका छौं । आशा छ, यस अङ्कले पनि सरकारी निकाय, नीति निर्माता, नागरिक समाज, आदिवासी एवं स्थानीय समुदाय र खासगरी वन समुदायलाई रेडप्लसका विषयमा सचेत भइ संवाद गर्न र आगामी दिनमा बन्ने नेपालको राष्ट्रिय रेड रणनीतिलाई सही मार्ग प्रदान गर्न मद्दत मिल्ने अपेक्षा गर्दछौं ।